निर्णय पुस्तिका-　　बैठक संख्याः४　　मितिः२०७७/०५/ १८ गते, विहिवार　　आ.व. २०७७/०७८

आज मिति २०७७ साल भाद्र १८ गते विहिवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थित**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत([illegible]) | श्री बाबुराम के.सी. | |
| २१ | इन्जिनियर | श्री गजेन्द्र कुमार साह | |

प्रस्तावहरुः

१. प्रदेश र स्थानिय तहमा पर्यटन पुर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सम्वन्धमा ।

२. निजि शिक्षक मासिक तलव सम्वन्धमा ।

३. समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधि, २०७७ सम्वन्धमा ।

४. सडक हेरालु सेवासुविधा सम्वन्धमा ।

५. आर्थिक ऐन २०७७ सम्वन्धमा ।

६. होल्डिङ सेन्टर सम्वन्धमा ।

७. विविध सम्वन्धमा ।

निर्णयहरुः-

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मिति २०७७/०५/०२ मा प्रदेश र स्थानिय तहमा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रमहरुको प्रस्ताव आव्हान गरेको सुचना अनुसार आ.व. २०७७/०७८ का लागि साझेदारी मार्फत आयोजना कार्यान्वयन गर्ने तपशिल वमोजिमका आयोजना-२ छनौट गरि प्रस्ताव सहितको विवरण पठाउने निर्णय गरियो ।

तपशिलः

क. घेन्ताङ थामडाँडा पर्यटन विकास प्राथमिकता

ख. छौँखा साकेन्वा पार्क

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयमा अध्यापनका लागि विभिन्न समयमा सेवा करार गरि नियुक्ति दिइएका निजि शिक्षकहरुको मासिक तलव तपशिल वमोजिम हुने गरि तोक्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| प्रा.वि. तह- | १७०००।०० |
| नि.मा.वि तह- | २००००।०० |
| मा.वि. तह- | २५०००।०० |

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गउँपालिकाले प्रदेश सरकार र करूणा फाउण्डेसन नेपालसँगको साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको सफल सञ्चालनका लागि कार्यक्रम सञ्चालनको मेरूदण्डको रुपमा रहेका समुदायमा आधारित पुनर्स्थापना (सीविआर) सहजकर्ताहरुको छनौटका लागि कानुनी व्यवस्था हुन आमचोक गाउँपालिकाको "समुदायमा आधारित पुर्नस्थापना सहजकर्ता छनौट सम्बन्धी कार्यविधि, २०७७" पारित गर्ने निर्णय गरियो ।

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाको वाटो मर्मत संभारका लागि खटाइ राखिएका हेरालु कामदारलाई वार्षिक रुपमा (जेठ, अषाढ, श्रावण, भाद्र र असोज) पाँच महिना परिचालन गर्ने र मासिक रुपमा प्रति हेरालु रु १५,०००।०० पन्ध्र हजार - सेवासुविधा वापत भुक्तानी गर्ने निर्णय गरियो ।

२०७७।५।१८

प्रमुख प्रशासकीय अधिकृत

५. उपरोक्त प्रस्ताव न ५ माथि छलफल भै आमचोक गाउँपालिकाको गाउँसभा २०७७ ले पारित गरेको आर्थिक ऐन २०७७ को दफा २ को अनुसुचि १ को (ख)को संरचना मूल्यांकन दर तपशिल अनसार हुनेगरि घटाउने/वढाउने सोही ऐनको दफा १६ वमोजिम निर्णय गरियो ।

तपशिलः

रचना मूल्याङ्कन दर

| क्र.स. | मुल्यांकनको क्षेत्र | प्रयोजन | २०७७/०७८ को मुल्यांकनको दर प्रति ) (वर्गफुट |
|---|---|---|---|
| १ | १. आर सि.सि स्ट्रक्चर छत भएको | व्यवसायिक | ४५०० |
| २ | १. आर सि.सि स्ट्रक्चर छत भएको | वसोवास | ४००० |
| ३ | २. आर सि.सि. स्ट्रक्चर टिनको छाना | व्यवसायिक | ४००० |
| ४ | २. आर सि.सि स्ट्रक्चर टिनको छाना | वसोवास | ३५०० |
| ५ | ३. सिमेन्टको भुई, गारो-काठको घर-टिनको छाना | व्यवसायिक | ३५०० |
| ६ | ३. सिमेन्टको भुई, गारो-काठको घर-टिनको छानो | वसोवास | ३००० |
| ७ | ४. सिमेन्टको भुई, गारो-काठको घर-फुसको छाना | व्यवसायिक | ३००० |
| ८ | ४. सिमेन्टको भुई, गारो-काठको घर-फुसको छानो | वसोवास | २५०० |
| ९ | ५. ढुंगा माटोको गारो-टिनको छाना | व्यवसायिक | २५०० |
| १० | ५. ढुंगा माटोको गारो-टिनको छाना | वसोवास | २००० |
| ११ | ६. ढुंगा माटोको गारो-फुसको छाना | व्यवसायिक | २००० |
| १२ | ६. ढुंगा माटोको गारो-फुसको छाना | वसोवास | १५०० |
| १३ | ७. काठको घर -टिनको छानो- | व्यवसायिक | १५०० |
| १४ | ७. काठको घर -टिनको छानो- | वसोवास | १००० |
| १५ | ८. काठको घर -फुसको छानो- | व्यवसायिक | १००० |
| १६ | ८. काठको घर -फुसको छानो- | वसोवास | ५०० |
| १७ | ९. वाँस/टाँटीको घर | व्यवसायिक | ५०० |
| १८ | ९. वाँस/टाँटीको घर | वसोवास | २०० |
| १९ | १०. उल्लेखित १-९ प्रकार भन्दा वाहेक सवै | | १०० |

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै थप छलफल आगामी वैठकमा गर्ने निर्णय गरियो ।

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै आमचोक गाउँपालिका विभिन्न सडकको दाँया-वाँया, तल-माथि व्यक्तिगत वा सार्वजनिक कुनै पनि प्रयोजनका लागि ढुंगा, वालुवा, गिटी झिक्न नपाउने सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत